# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## तिलागुफा नगरपालिका
## कालिकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## तिलागुफा नगरपालिका

### कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## तिलागुफा नगरपालिका
## कालिकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
तिलगुफा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले तिलगुफा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ४३ लाख ५२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१४ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८८ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४० लाख ८० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.६ करोड ४९ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ९२ लाख ७० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

तिलगुफा नगरपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५५ | २२ | ३४३५२ | ० | ० | ० | ५५ | २२ | ३४३५२ | १४५६ | १४०८० | १८८१६ | ० | ० | ३२८९६ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तिलगुफा नगरपालिका कालिकोट | ६४९१८ | ० | ० | ६४९१८ | ० | ३४३५२ | ९९२७० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : तिलागुफा नगरपालिका, कालिकोट , तिलागुफा नगरपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Laxman Prasad Chaulagain | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Purna Nanda Chaulagain | २०७७-४-१ | २०७८-१०-२५ |
| लेखा प्रमुख | Prabesh Dhital | २०७८-१०-२६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३४,३५२,४००.३४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,६९,२९,३६५.३२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०,१४,८४,००० | **चालु खर्च** | ३०,५०,१९,६८७.८६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०२,८३,४०५ | **पूँजीगत खर्च** | १४,९८,१७,३३० |
| **राजश्व बाँडफाँट** | ६,७१,४०,०९०.१ | **वित्तीय/अन्य व्यवस्था** | १५,२०,८९,२७३.५३ |
| **आन्तरिक आय** | १५,७५,०८४.३६ | | |
| **अन्य आय** | १३,३६,९९,५५४ | | |
| **कुल आय** | ६४,४१,८२,१३३.४६ | **कुल खर्च** | ६०,६९,२६,२९१.३९ |
| **बाँकी मौज्दात** | | ५,४१,८५,२०७.३९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस २०७३ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानिय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तिलागुफा नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११ वडा, ६० सभा सदस्य, २६३।५६ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ६४७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण विधि**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(NAMS) बाट लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **स्थानिय सञ्चित कोष**<br>**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | रकम | | | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १६९२९३६५।३२ | १ | चालु खर्च | ३०५०१९६८७।८६ | ३०५०१९६८७।८६ |
| | क संञ्चित कोष | | | २ | पूँजीगत खर्च | १४९८१७३३० | १४९८१७३३० |
| | ख)बैक | १६९२९३६५।३२ | | ३ | वित्तिय व्यवस्था | | |
| २ | राजस्व (आन्तरिक आय) | | ६८६५७०१०।४७ | | क)ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १५७५०८४। | | | ख)ब्याज भुक्तानी | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ३६ | | | | | | |
| | | | | ख) राजस्व बाँडफाँड | ६७१४००९०।१ | | | ग)अन्य भुक्तानी | | | |
| | | | ३ | वित्तिय हस्तान्तरण संघ | | ४०१४८४००० | | | | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | १०५८००००० | | ४ | शसर्त अनुदान फिर्ता | | | |
| | | | | ख) सशर्त अनुदान | २८७२८४००० | | ५ | संघीय सरकार | २३५४६१२४।४३ | २३५४६१२४।४३ | |
| | | | | ग) समपूरक अनुदान | 0 | | ६ | प्रदेश सरकार | २४२९५६ | २४२९५६ | |
| | | | | घ) विशेष अनुदान | ८४००००० | | ७ | गत आ.व अनुदान फिर्ता | २७५६४४९।१० | २७५६४४९।१० | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४०३८३४०५ | ८ | गत आ.ब को दायित्व भुक्तानी | ७४७४९३ | ७४७४९३ | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ११३९८००० | | ९ | क) बैंक मौज्दात | ४५३८२२५८।३९ | ४५३८२२५८।३९ | |
| | | | | ख) सशर्त अनुदान | १९८९३५१४ | | | ख)नगद मौज्दात | | | |
| | | | | ग) समपुरक अनुदान | ५१५९६२७ | | १० | धरौटी मौज्दात | १४०४४८४ | १४०४४८४ | |
| | | | | घ) विशेष अनुदान | ३८३२२६४ | | ११ | धरौटी फिर्ता | ५४५५५६ | ५४५५५६ | |
| | | | ६ | अन्य | | १२२९५६६२५ | १३ | अन्य | | १२२९५६६२५ | |
| | | | | क) मुख्यमन्त्री रोजगार, आयआर्जन कार्यक्रमप्रोत्साहन | १०५००० | | | क) मुख्यमन्त्री रोजगार,आयआर्जन | १०५००० | | |
| | | | | ख) मुख्यमन्त्री रोजगार, आयआर्जन कार्यक्रम | २८२८१६८९ | | | ख) मुख्यमन्त्री रोजगार, आयआर्जन | २८२८१६८९ | | |
| | | | | ग) पुर्वाधार विकास कार्यक्रम | ९१५०५१९ | | | ग) पुर्वाधार विकास कार्यक्रम | ९१५०५१९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | घ) सामाजिक सुरक्षा धरौटी खाता | ८५४१९४२६ १९५००५० | १९५००५० | १४ | सामाजिक सुरक्षा अन्य कोष उपाय | ८५४१९४२६ | १२९४०६० | |
| | | | | विभिन्न कोषतर्फको आय | | ८६९२५४५ | | क) विविध खर्चखाता | ८०४०३६ | | |
| | | | | क) विविध खर्च खाता | २०५५०१८ | | | ख) प्रकोप व्य. खाता | ४९००२४ | | |
| | | | | ख) प्रोकोप व्य. कोष खाता | २४४७७१७ | | १५ | अन्य कोष मौज्दात | | ८६९२५४५ | |
| | | | | ग) कर्मचारी कल्याण कोष | ४०००००० | | | क) विविध खर्चखाता | १२५०९६२ | | |
| | | | | घ) विभाज्य कोष खता | १८९८१० | | | ख) प्रोकोप व्य.खाता | १९५७६९३ | | |
| | | | | अन्य आम्दानी | | १००३३४ | | ग)कर्मचारी क. कोष | ४०००००० | | |
| | | | | दायित्व फिर्ता बाँकी | ५८२८४ | | | घ) विभाज्य कोष | १८९८१० | | |
| | | | | चेक नसाटिएको रकम | ४२०५० | | | | | | |
| | | | | जम्मा | ६६११११४९८।७८ | ६६११११४९८।७८ | | जम्मा | ६६११११४९८।७८ | ६६११११४९८।७८ | |
| ४ | | | **वित्तीय विवरण** | | | | | | | | |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तिय विवरणमा निम्न अनुसार देखिएको छ । | | | | | | | | |
| ४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ ।पालिकाको म.ले.प.फा.न.२७२ अनुसूची १४ वमोजिम वर्षान्तमा खर्च हुन वाँकी रहेको रकम मध्ये चालु खर्च खातामा रु .२५७१७२२४।०० र पूँजीगत खर्च खातामा रु.८४६३३७७।०० वाँकी देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा खर्च नभई वाँकी रहेको खर्च खाताको रकम सञ्चित कोषमा स्थान्तरण भएको देखिएन । आर्थिक वर्षको अन्तमा वाँकी देखिएको खर्च खाताको रकम नियम वमोजिम सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्दछ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.३ | | | म.ले.प.फा.नं. २७२ को अनुसूची १० संञ्चित कोषको विवरणमा गत वर्षको वाँकी मौज्दात रु.२१३९३४०८।९५ रहेकोमा सोही मौज्दात यो वर्ष अ.ल्या देखाउनुपर्नेमा रु.२८९५१३१।३२ देखाएकोले कम जिम्मेवारी सारेको देखिन्छ । त्यसैगरी पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरण तथा गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्तिम मौज्दात रु.१६९२९३६५।३२ रहेको छ ।यसरी म.ले.प.फा.नं. २७२ मा यर्थाथ वैंक मौज्दात भन्दा घटी जिम्मेवारी सारेको देखिएकोले यर्थाथ खर्च यकिन हुन सक्ने आधार भएन । | |
| ४.४ | | | म.ले.प.फा.नं. २७२ को अनुसूची १० संञ्चित कोषको विवरणमा यस वर्षको अन्तिम मौज्दात रु.५८१८०७७४।७२ रहेको छ भने वैंक मौज्दातको आधारमा पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा अन्तिम बैंक मौज्दात रु.५४१८५२०७।३९ मात्र देखिन्छ । पालिकाले म.ले.प.फा.नं. २७२ को मौज्दात भन्दा घटी मौज्दात आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सारेको छ । यर्थाथ मौज्दात यकिन गरी आगामी वर्षमा जिम्मेवारी सार्नुपर्दछ। | |
| ४.५ | | | प्रकोप व्यवस्थापन कोषको अन्तिम मौज्दात एकीकृत आर्थिक विवरण अनुसार रु-१९५७६९३।०० देखाएकोमा म.ले.प.फा.नं- २७२ को अनुसूची १५ मा वर्षान्तमा रु.१५७१९७६।०० मौज्दात देखिन्छ ।फरक रु.३८५७१७।०० शुत्रमा प्रविष्ट गरी प्रकोप व्यवस्थापन कोषको मौज्दात हिसाब मिलान गर्नुपर्दछ । | |
| ४.६ | | | धरौटीको अल्या र यस वर्षको आम्दानी समेत एकिकृत आर्थिक विवरणमा १९५००५० देखाएकोमा म.ले.प.फा.नं- २७२ को अनुसूची १५ मा शुरु मौज्दात र यस वर्षको थप समेत रु.९०८०१४ मात्र आम्दानी वाँधीएको छ । जसले गर्दा वर्षान्तमा बैंकमा रु.१४०४४८४।०० मौज्दात देखिन्छ भने अनुसूची १५ मा रु.३६४२४८।०० मात्र मौज्दात रहेको छ ।फरक रु.१०४०२३६ शुत्रमा प्रविष्ट गरी धरौटी मौज्दातको हिसाब मिलान गर्नुपर्दछ । | |
| ४.७ | | | स्थानीय तहमा प्राप्त हुने पूर्वाधार विकास साझेदारी, प्रदेश पूर्वाधार विकास कार्यक्रम, सामाजिक सुरक्षा तथा संरक्षण तथा मुख्यमन्त्रि रोजगार कार्यक्रम लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्दछ । यस पालिकाले पेश गरेको सुत्रबाट लिएको वित्तिय प्रतिवेदनमा उपरोक्त कार्यक्रम समाबेश भएका छैनन् । यसै प्रतिबेदनमा समाबेश गरिएको कार्यालयबाट प्राप्त एकिकृत वित्तिय विवरणमा समाबेश गरी प्रस्तुत गरिएको छ । सुत्र(SuTRA) बाट तयार हुने वित्तीय विवरण म.ले.प.फा.न.२७२ मा अन्तर सरकारी हस्तातरणबाट प्राप्त हुने निकासा तथा खर्च समेत समाबेश गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>**वजेट व्यवस्थापनतर्फ**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,<br>**भ्रमण खर्च व्यवस्थापनतर्फ**<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरे नगरेको,<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको<br>**शिक्षातर्फ**<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन नभएको।<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **विविध तर्फ**<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | आन्तरिक लेखापरीक्षण शाखा : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ वमोजिम प्रत्येक स्थानीय तहले कानून वमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । तर पालिकामा आन्तरिक लेखापरीक्षकको पद रिक्त रहेकोले आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५.३ | | | लगबुक तथा मर्मत खाताः सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन । जसले गर्दा मर्मत तथा इन्धनमा भएको खर्च विश्लेषण गर्ने सकिएन। पालिकाले प्रत्येक सवारी साधनको लगबुक तथा मर्मत अभिलेख राख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | बेरुजु लगतः बेरुजु लगत व्यवस्थित गर्न विभिन्न मलेप फारामहरुको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको, म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक रहेको देखिएन । तोकिए वमोजिमका फाराममा बेरुजुको अभिलेख राखी अध्यावधिक विवरण तयार गर्नु पर्दछ ।<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>५.४.१ \| \| ० | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्<br><br>रु.१ लाख सम्म \| रु. १-२ लाखसम्म \| रु. २-५ लाखसम्म \| रु. ५-१० लाखसम्म \| रु. १०-५० लाखसम्म \| रु.५० लाख बढीका \| जम्मा<br>१८ \| २२ \| ४२ \| १८ \| २४ \| ३ \| १२७<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि २ लाखसम्म २२ योजना, २ लाख देखि ५ लाखसम्म ४२ योजना, रु ५ लाख देखि १० लाखसम्म १८ योजना, रु १० लाख देखि ५० लाखसम्म २४ योजना, रु ५० लाख भन्दा माथि ३ योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत ह्रास आउने तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१५ लाख ७५ हजार ८४ अर्थात अनुमान भन्दा ६३ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ६.३ | | | क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । देहायको विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८९.७४ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा ७०.१२ प्रतिशत रहेको छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २६७००००० | १९०६३२४२ | ७१.४ |
| २ | पूर्वाधार विकास | १११३६८००० | ८८२८७९६१ | ७९.२८ |
| ३ | सामाजिक विकास | २७८८१३०० | २५०१९५९५४ | ८९.७४ |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७७०१००० | ६३०२२३० | ८१.८४ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२९२६३००० | ९०९८७६३०.८ | ७०.१२ |
| जम्मा | | ५५३८४५००० | ४५४८३७०१७.८६ | ८२.१२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना तथा बजेट बनाउदा तथा पुँजीगत खर्च गर्दा केन्द्रिय योजना तथा प्रदेश योजनाका प्राथामिकता भन्दा पनि स्रोत उपलब्धताको आधारमा वितरणमुखी र कम लागतका संरचना निमार्णमा वढी जोड दिएको देखिन्छ । गरिवी लक्षित, महिला वालवालिका तथा पोषणा सम्बन्धि कार्यक्रमहरु सर्शत र कानूनको परिपालना गर्ने क्रममा मात्र छनोट भएका छन भने पालिकाको बजेट साना सडक तथा पूर्वाधारमा वढी केन्द्रित छन् । शिक्षा, स्वाथ्य, मानव संशाधन विकास, लैगिङ समता र वातावरण संरक्षणको क्षेत्रमा नगन्य कार्यक्रमहरु छनोट भएका छन्।आगामी नीति तथा कार्यक्रम तय गर्दा आवधिक योजना तथा दिगो विकासका लक्ष्यहरुलाई प्राथामिकताका साथ आन्तरिकिकरण गर्नुपर्ने देखिन्छ । | |
| ६.५ | | | बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६.६ | | | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१करोड अबण्डा राखेको छ ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **अनुदान फिर्ता**<br>विनियोजन ऐन २०७८ को दफा ४(१२) मा सर्शत समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ | |
| ८ | | | **कर्मचारी व्यवस्थाप** | |
| ८.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित करार र स्थायी गरी १३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ३३ पदहरु रिक्त रहेका छन् । पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी ११ रहेकोमा ७ वडा सचिवको मात्र पदपूर्तिको अवस्था छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २८७२८४००० | २६३७८४५६५.५७ | २३४९९४३४.४३ |
| | विषेश | ८४००००० | ८३५३३१८ | ४६६९० |
| **प्रदेश सरकार** | शसर्त | १९८९३५१४ | १९६६२८२८ | २३०६८६ |
| | विषेश | ३८३२२६४ | ३८१९९९४ | १२२७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८.२ | | | कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।तर पालिकाले विभिन्न पदमा ६६ जना कर्मचारीहरु करारमा राखि रु.१४७००००० ।०० खर्च लेखेको छ । | |
| ८.३ | | | **कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी स्थानीय तहका कर्मचारीबाट समेत योगदान हुनेगरी कल्याण कोषमा रकम ट्रान्सफर गर्न र सोको व्यवस्थित अभिलेख राख्नुपर्दछ । | |
| ९ | | | **पदाधिकारी सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार कर्णाली प्रदेश सरकारले मिति २०७७/३/३० मा कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ पारित गरी उक्त ऐनको अनूसूचि १(क) र १(ख) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने व्यवस्था गरेको देखिन्छ ।कार्यालयले पदाधिकारीको वार्षिक पारिश्रमिक सुविधा वापत यस आर्थिक वर्षमा रु.८७ लाख ७५ हजार खर्च लेखेको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन् ।<br>क) स्वकीय सचिव र सल्लाहकार – कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस प्रदेशका स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । २०७९ जेठ ७ देखि नगर प्रमुख तथा उपप्रमुखको १, १ जना स्वकीय सचिवका रुपमा तलब भत्ता भुक्तानी हुने गरी यस वर्ष रु ९११००।०० भुक्तानी भएको नियम सम्मत नदेखिएको रु........ | ९१,१०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>सेवा प्रवाह<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>८१९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>८७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१२४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२०७</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।घर नक्शा पास सख्याँ १ मात्र रहेको र पूर्वाधार सडक निमार्ण तर्फ शुन्य प्रगती देखिएकोले यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>चौमासिक खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा पालिकाले स्थानिय संञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघिय अर्थ मन्त्रालयमा, प्रदेश अर्थ मन्त्रालयमा तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">क्र.स.स</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>१४९ ८१७</td><td>०</td><td>४१२६</td><td>१४५६९१</td><td>१११७३५</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>७८.६४</td><td>०</td><td>२.१६</td><td>७६.४७</td><td>५८.६५</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.१४ करोड ९८ लाख १७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा खर्च नभई दोश्रो चौमासिकमा रु.४१ लाख २६ हजार अर्थात २.१६ प्रतिशत र तेश्रो चौमासिकमा रु.१४ करोड ५६ लाख ९१ हजार अर्थात ७६.४७ प्रतिशत खर्च गरेको देखिएको छ ।यसरी नै आषाढ महिनामा मात्र रु.११ करोड १७ लाख ३५ हजार अर्थात ५८.६५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>बैंक हिसाब मिलान<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु...............................................
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>चालु खाता</td><td>२५७१७२२४.९७</td><td>३४४८९१९३.९४</td><td rowspan="3">साटन वाँकी चेकको कारण फरक परेको</td><td rowspan="3">वैंक हिसाब मिलान भएको</td></tr>
<tr><td>२</td><td>पूँजिगत खाता</td><td>८४६३३७७.</td><td>१०४६९५९२.</td></tr>
<tr><td>३</td><td>विविध खर्च खाता</td><td>६३२१०४.</td><td>१२५०९८२.</td></tr>
<tr><td>४</td><td>राजश्व बाँडफाड खाता</td><td>८७८४८३३.८४</td><td>९१८२५३३.७७</td><td>३९७६९९.९३</td><td rowspan="7">वैंक हिसाब मिलान नभएको</td></tr>
<tr><td>५</td><td>अनुदान खाता</td><td>०</td><td>९०००.</td><td>९०००.</td></tr>
<tr><td>६</td><td>धरौटी खाता</td><td>३६२४४८.</td><td>१४०४४८४.</td><td>१०४२०३६.</td></tr>
<tr><td>७</td><td>कल्याण कोष खाता</td><td>०</td><td>४००००००.</td><td>४००००००.</td></tr>
<tr><td>८</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>१९५७६९३.</td><td>१९५७६९३.</td><td>०.</td></tr>
<tr><td>९</td><td>विविध कोष खाता</td><td>६३२१०४.</td><td>८०६००२.</td><td>१७३८९८.</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>४६१६४०६७.८१</td><td>६३५६९४८०.७१</td><td>५६२२६३३.९</td></tr>
</table></td><td>५,६२२,६३३.९</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>न्यायीक समिति</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४५ वटा ऐन, २ वटा नियमावली, २९ कार्यविधि लगायत कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । निमार्ण गर्न बाँकी कानून तथा कार्यविधि समेत निमार्ण गरी कार्यान्वियनमा ल्याउनु पर्दछ | |
| १३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको २ गरी कुल ५ विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१ लाख ४५ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **धरौटी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ कार्यालयले आफ्नो नामबाट एकल कोष खातामा जम्मा गरेको धरौटीको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी किताव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको गोश्वारा धरौटी खाता तथा व्यक्तिगत धरौटी खाता अभिलेख राखेको पाइएन । | |
| १६ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १६.१ | | | जिन्सी प्रतिवेदन : स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्ममा जिन्सी लगत तयार भएकोमा जिन्सी प्रतिवेदन तयार भएको देखिएन । ऐनमा व्यवस्था भए बमोजिम कानुनको परिपालना गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.२ | | | जिन्सी निरिक्षण प्रतिवेदन तयार नगरेको, म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको, म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखी अद्यावधिक नगरेको, स्थानीय तह भित्रका सरकारी, ऐलानी तथा पर्ती जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको, जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई मर्मत अभिलेख तयार गर्ने नगरिएको जस्ता ब्यहोरा देखिएकोमा सो मा सुधार हुनुपर्दछ । | |
| १६.३ | | | पालिकाको वडा न. ९ बाहेक अन्य सबै १ देखि ११ सम्मका वडाका आफ्नै पक्कि कार्यालय भवन रहेको कार्यालयले जानकारी गराएकोमा कार्यालयसँग सम्पतिको संरक्षण र उपयोग सम्बन्धमा आवश्यक नीति तथा मापदण्ड रहेको नदेखिएको साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको सम्बन्धमा आवश्यक अनुगमन नभएको ब्यहोरा कार्यालय मार्फत प्राप्त भएकोमा सम्पत्तिको संरक्षण र उपयोग सम्बन्धमा आवश्यक नीति तथा मापदण्ड बनाई आवश्यकता अनुसार आवश्यक अनुगमन प्रणालीको विकास गर्ने तर्फ कार्यालयले ध्यान पुर्याउनु पर्दछ । | |
| १६.४ | | | जिन्सी सम्पत्तिहरुको व्यवस्थापनको लागि सरकारी सम्पत्ति व्यवस्थापन प्रणालि (PAMS) मा जिन्सी सम्पत्ति प्रविष्टको कार्य सुरु गरिएको भएता पनि निरन्तर विद्यूत्त आपूर्ति तथा इन्टरनेटमा समस्या रहेकोले PAMS को नियमित रुपमा संचालन हुन नसकिएको ब्यहोरा कार्यालयले जानकारी गराएको छ । निरन्तर विद्युत आपूर्ति तथा इन्टरनेटको सहज आपूर्तिको व्यवस्थापन गरी सरकारी सम्पत्ति व्यवस्थापन प्रणालि (PAMS) को उपयोग गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १६.५ | | | स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **वित्तीय समानीकरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.१ | | | जनतासँग मेयर निरन्तरता कार्यक्रम पालिकाले जनतासँग मेयर निरन्तरता कार्यक्रम अन्तर्गत अवण्डा बजेटबाट रु.७५ लाखको स्विटर, ज्याकेट, सल, ब्याग, स्वागत तथा विदाईमा प्रयोग हुने खादा, तामा भाडा, ह्यामबर देखि खाद्यन्न वितरण, वैकल्पिक उर्जा प्रवद्धन केन्द्र लगायतका कार्यक्रममा तथा रु.३५ लाखको म्यादी लघु जीवन बिमा कार्यक्रम सञ्चालन गरेको छ । म्यादी लघु जीवन बिमा अन्तर्गत मिति २०७९।२।२३ देखि १ वर्ष सम्म लागू हुने गरी आई एम ई लाइफ इन्स्योरेन्स कम्पनि लि. सँग सम्झौता गरी १६-४५, ४६-५५ र ५६-६४ उमेर समुहका क्रमश: ९४६, २७१ र १८८ लाभ्रगाहीलाई म्यादी लघु जिवन बिमा सञ्चालन गरेको छ । बिमा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने कार्यविधि तथा बाँकि लाभग्राहीलाई यस प्रकारको बिमा कार्यक्रमबाट लाभन्वित बनाउने सम्बन्धमा स्पष्ट मापदण्ड रहेको देखिएन । यस्ता प्रकारको कार्यक्रम सञ्चालन गर्नुपूर्व मार्गचित्रको रुपमा स्पष्ट कार्यविधि निर्माण गरी कार्यक्रमको प्रभावकारी कार्यान्वियन गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| १७.२ | | | लक्षित समुदाय उत्थान कार्यक्रम मार्फत पालिकाको ११ वटा वडा भित्रका सबै विद्यालयको इ.सि.जि. तहमा अध्ययनरत विद्यार्थीका लागि गो.भौ.७३ मिति २०७८।८।२३ मा प्रशासन अधिकृत करार नरजंग शाही ले रु.११४९०००।०० पेश्कि लिई गो.भौ.३५३ मिति २०७९।३।२८ मार्फत रु.११४९०००।०० को स्कूल ब्याग, टिफिन बक्स, ज्यामिति बक्स लगायतका सामाग्री खरिद गरि पेश्कि फछ्यौंट गरेकोमा लेखापरीक्षण अवधिसम्ममा खरिद सामाग्री वितरण नगरी कार्यालयको भण्डारण शाखामा रहेको पाईयो । खरिद सामाग्री सम्बन्धित विद्यार्थीलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,१४९,००० |
| १७.३ | | | उक्त सामाग्री खरिद गर्दा अग्रिम आयकर वापत कट्टी गरिएको रु. २०८००।०० सम्बन्धित राजश्व शिर्षकमा दाखिला गरेको देखिएन ।कट्टि गरिएको उक्त रकम सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु............. | २०,८०० |
| १८ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२९ लाख ३२ हजार खर्च गरेको छ ।यस प्रकारका खर्चहरु मापदण्डमा आधारित रही मितव्ययीता पूर्वक खर्च गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>करारका कर्मचारीलाई सुविधा<br>स्थानिय भत्ता दर २०७१ मा दुर्गम जिल्लाहरुमा काम गर्ने स्थायी कर्मचारीहरुको लागि मात्र स्थानिय भत्ता उपलब्ध गराईने व्यवस्था भएकोमा कार्यालयले करारका निम्न कर्मचारीलाई स्थानिय र मंहगी भत्ता उपलब्ध गराएको देखियो । नियम विपरित स्थानिय तथा मंहगी भत्ता वापत भुक्तानी गरिएको रकम असुल गर्नुपर्ने रु.................
<table>
<tr><td>विवरण</td><td>स्थानिय भत्ता</td><td>मंहगी भत्ता</td></tr>
<tr><td>नरजंग शाही</td><td>१४१७२०</td><td>१२०००</td></tr>
<tr><td>चक्र प्रसाद अधिकारी</td><td>९२५२०</td><td>१२०००</td></tr>
<tr><td>काली बहादुर शाही</td><td>७७५२०</td><td>१२०००</td></tr>
<tr><td>कृष्ण बहादुर शाही</td><td>७७५२०</td><td>१२०००</td></tr>
<tr><td>जम्मा</td><td>३८९२८०।००</td><td>४८०००।००</td></tr>
</table></td><td>४३७,२८०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्की</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>पेश्की फछ्र्योट – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फछ्र्योट गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले समानिकरण चालुतर्फ निम्नानुसारको पेश्की ६ महिना भन्दा बढी समय लगाई पेश्की फछ्र्योट गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम समयमै पेश्की फछ्र्योट गरी नियमको परिपालना गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।
<table>
<tr><td>सि.न.</td><td>पेश्की लिएको गो.भौ. मिति</td><td>रकम</td><td>कार्यक्रम</td><td>फछ्र्योट मिति</td><td>पेश्कि लिने</td></tr>
<tr><td>१</td><td>७२-२०७८।८।२३</td><td>१३५००००</td><td>जनतासँग मेयर कार्यक्रम</td><td>२४६।२०७९।३।७</td><td>लोकेन्द्र महतरा</td></tr>
<tr><td>२</td><td>७३-२०७८।८।२३</td><td>११४९०००</td><td>लक्षित समुदाय उत्थान</td><td>३५३।२०७९।३।२८</td><td>नरजगं शाही</td></tr>
<tr><td>३</td><td>१८-२०७८।६।२२</td><td>१५००००</td><td>राहत तथा उद्धार</td><td>२९२।२०७९।३।१७</td><td>कृष्ण बहादुर शाही</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>पेश्की माथि पेश्कीः कर्मचारीलाई कार्यकम संचालन पेश्की दिदा अघिल्लो पेश्की फछ्र्योट गरी पेश्की दिनुपर्दछ । पालिकाले सर्शत अनुदान तर्फको पोषण कार्यक्रममा एकै व्यक्तिलाई एकै पटक एक भन्दा वढी कार्यक्रम संचालन गर्ने पेश्की दिएको देखिन्छ । यसरी एकै पटक एक भन्दा वढी कार्यक्रमको लागि पेश्की दिदा समय तालिका भित्र कार्यक्रम सम्पन्न गरी पेश्की फछर्योट नहुने हूँदा कार्यक्रमको तालिका अनुसार अघिल्लो पेश्की फछर्योट गरेर मात्र वाँकी कार्यक्रमको लागि पेश्की दिनु पर्दछ।
<table>
<tr><td>भौ.नं.मिति</td><td>कर्मचारीको नाम</td><td>पेश्की रकम</td><td>कार्यक्रम</td></tr>
<tr><td>४३।०७८।०९।३०</td><td>श्री जसेन्द्र शाही</td><td>२७६०००</td><td>पोषण कार्यक्रम</td></tr>
<tr><td>४४।०७८।०९।३०</td><td>श्री जसेन्द्र शाही</td><td>२७००००</td><td>महिला स्वाथ्य स्वयंसेविका</td></tr>
<tr><td>४५।०७८।०९।३०</td><td>श्री जसेन्द्र शाही</td><td>७६८०००</td><td>पोषण कार्यक्रम</td></tr>
<tr><td>४४।०७८।०९।३०</td><td>श्री दिपेन्द्र शाही</td><td>७०४७००</td><td>पोषण कार्यक्रम</td></tr>
<tr><td>४४।०७८।०९।३०</td><td>श्री दिपेन्द्र शाही</td><td>३६००००</td><td>पोषण कार्यक्रम</td></tr>
<tr><td>४४।०७८।०९।३०</td><td>श्री दिपेन्द्र शाही</td><td>८००००</td><td>वार्षिक समिक्षा</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२४५८७००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td>१८८</td><td>२०७९-३-२५</td><td>पोषण<br>पोषण सम्बन्धीः पोषण संम्बेद्धनशिल प्रोग्रामका लागि सोझै खरिद विधिको प्रयोग गरी चल्ला खरिद गरेकोमा उक्त खरिद निर्णयको लागि खरिद इकाई तथा खरिद मुल्याँकनको बैठक खर्च भनी सात जनाको दुई दिनको रु १००० का दरले कर वाहेक १२००० खर्च लेखको तर उक्त भत्ता रकम वुझेको भरपाई समेत नभएकोले उक्त रकम असूल गर्ने पर्ने रु................</td><td>१२,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रदेश सर्शत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.१ | | | **मुख्यमन्त्री उज्यालो कार्यक्रम** (जलविद्युत आयोजना) – आर्थिक वर्ष २०७७।७८ मा प्रदेश सरकारको प्रदेश मुख्यमन्त्री उज्यालो कार्यक्रम मार्फत रु ८० लाख बराबरको क्यानल तथा कुलो निर्माण, सामान खरिद लगायतको मालिका जलविद्युत सम्बन्धि कार्य भएकोमा आ व २०७८।७९ मा प्रदेश सशर्त पूजिगँत प्रदेश मुख्यमन्त्रि उज्यालो कार्यक्रम मार्फत रु ३० लाखको स्पिलवे, क्यानल, ट्रान्सफरमर, वायर, मेशिनरी वाल तथा स्ट्रक्चर लगायतको निर्माण कार्य भएको छ । त्यस्तै यो वर्ष समानिकरण पूँजिगत मार्फत मालिका जलविद्युत आयोजना उपभोक्ता समितिबाट रु २५ लाखको कार्य भएकोमा सो समेत रु १ करोड ३५ लाखको खर्चमा ४० किलोवाट बराबरको पावर हाउस मात्र निर्माण भएको देखिन्छ । तिलागुफा नगरपालिका वाड न १ का बासिन्दालाई यस आयोजना मार्फत विद्युतको सेवा प्रवाह गर्न के कति लागत लाग्ने हो सो को मूल्याँकन समेत गरिएको देखिदैन । वर्तमान समयमा कालिकोट जिल्ला राष्ट्रिय विद्युत प्रशारण लाईनमा समेत जोडिएकोमा हालसम्म भएको खर्चलाई विद्युत उपयोगसँग जोड्न कार्यालयले आवश्यक ध्यान पुर्याउनु पर्दछ । | |
| २२.२ | | | समपुरक अनुदान – प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान कार्यक्रम -सर्शत अनुदान_ र समानिकरण पूँजिगत -पालिका_ तर्फबाट ५०, ५० प्रतिशतको लागत योगदान रहने गरी लोटखोला सिचाँई आयोजना, सिंगाडे खोला सिंचाई कुलो निर्माण योजना र गाल्जे-थिन्के ग्रामिण सडक आयोजना निर्माण कार्यको लागत अनुमान क्रमश रु ९६०१०४०।५८, रु १०००३४८४।०७ र रु १०००३१३४।०९ मू अ कर तथा पि एस आईटम सहितको स्वीकृत गरी ठेक्का प्रक्रिया मार्फत क्रमश डायमण्ड निर्माण सेवा, मञ्जु एण्ड रञ्जु निर्माण सेवा र नयाँ नेपाल निर्माण सेवा सँग २०७९।३।३० सम्म सम्पन्न गर्ने गरी क्रमश २०७९।२।३०,२०७९।२।२० र २०७९।३।५ मा क्रमश रु ९४१२८४१।००, रु ९५८४०६०।८ र रु ६४२२३८७।३७ को सम्झौता भएकोमा निम्नानुसार पाईयो ।<br>क) तीनै वटा -लोटखोला सिचाँई आयोजना, सिंगाडे खोला सिंचाई कुलो निर्माण योजना र गाल्जे-थिन्के ग्रामिण सडक आयोजना_ योजनाको कुल सम्झौता रकम रु.२५४१९२८९।१७ भएकोमा आर्थिक वर्षको अन्त्यसम्ममा पालिका र प्रदेश सरकारको सर्शत अनुदानबाट क्रमश रु.४३६४५२३।५ र रु.४४२२८०७।०० समेत रु. ८७८७३३०।५ भुक्तानी भएकोमा सम्झौता बमोजिम सयममा कार्यसम्पन्न भएको छैन । समयमा कार्य सम्पन्न नहुँदा पालिकालाई प्रदेश सर्शतबाट प्राप्त हुने अनुदान मध्ये रु.८२८६८३७।५६ थप आर्थिक भार परेको छ । सम्झौता बमोजिम सयममै कार्यसम्पन्न नगर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने तथा कार्यालयको योजना अनुगमन प्रणालीलाई प्रभावकारी बनाई पालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी सर्शत अनुदानको पूर्ण उपयोग गर्ने तर्फ ध्यान पुर्याउनुपर्ने देखिन्छ ।<br><br>ख) लोटखोला सिचाँई आयोजनामा पहिलो रनिङ्ग बिल मार्फत गो भौ र मिति १४१-२०७९।३।२५ बाट रु ३६८१०४७।५ भुक्तानी दिई पि एस आईटममा रु १९५६५।०० बराबरको खर्च लेखेकोमा सो को प्रमाण पेश नभएकोले बिमाको प्रमाण पेश गर्नुपर्ने रु===== | १९,५६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.३ | | | गत बर्षको दायित्व - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा पदाधिकारीलाई रु २४०४००० तथा ग्रामिण सडक योजनालाई रु ८९६५५४ समेत रु.३३००५५४।०० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| २३ | | | **प्रधानमन्त्री तथा मुख्यमन्त्रि रोजगार कार्यक्रम** | |
| २३.१ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन ।अधिकाँश योजना घोडेटो बाटो र पदमार्ग निमार्णमा छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत यस वर्ष ७८४ जना लाई रोजगारी उपलव्ध गराई रु.४ करोड २७ लाख ३३ हजार खर्च गरेको छ ।यस कार्यक्रम मार्फत वेरोजगार युवालाई कम्तिमा १०० दिनको को रोजगारी प्रदान गर्ने भनिएकोमा एक जनालाई औसत ८४ दिनको रोजगारी प्रदान गरीएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | मुख्यमन्त्री रोजगारः मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ अनुसार कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड १९ प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने युवालाई लक्षित गरी रोजगारी आयआर्जन तथा आधारभूत विकासका क्रियाकलाप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थान गर्ने मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ ।यस कार्यक्रम मार्फत नगरपालिकामा यस वर्ष ११ वटा कार्यक्रम मार्फत रु=१ करोड ७४ लाख ७ हजार खर्च गरिएको छ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन् ।<br><br>क) कार्यविधिको दफा ५ मा अधिकत्तम रोजगारी सिर्जना हुने , स्थानीय स्तरमा रोजगारी सिर्जना हुने तथा स्थानीय समाग्री प्रयोग हुने अधिकत्तम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनोट गर्ने उल्लेख भएपनि अधिकांश कार्यक्रम पि.सि.सि. पैदल बाटो निमार्ण, पर्खाल निमार्ण कार्यमा खर्च भएको छ । खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहुदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ । त्यसैगरी कार्यक्रम छनोटको लागि उपभोक्ता समितिले सोझै मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाइमा प्रस्ताब पेश गर्ने र उक्त प्रस्तावहरु आयोजना व्यवस्थापन इकाइले संकलन गरी मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने निर्देशक समितिले छनोट तथा स्वीकृत गरी स्थानीय निकायबाट कार्यान्वियन हुने व्यवस्था गरीएको छ । छनोट प्रक्रियामा स्थानीय पालिका सँग समन्वय नहुँने, केन्द्रबाट छनोट हुने, सर्शत अनुदानको रुपमा स्थानीय तहला ाइ बजेट पठाउने, आर्थिक वर्षको अन्तमा मात्र बजेट निकासा हुने, उपभोत्ता समितिको पहुँच र प्रवाहका आधारमा छनोट हुनाले आयोजना कार्यान्वियनमा पालिकाको अपनत्व र प्रभावकारी भुमिका देखिएन । आयोजना छनोट देखि कार्यान्वियन सम्म पालिकाको भूमिका स्पष्ट गरी दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यक्रमा बजेट केन्द्रित हुनु पर्दछ ।<br><br>ख)कार्यविधिको अनुसूची १ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला र सामाग्री लागत अनुपात तोकिएको छ । पालिकाले कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग हुने श्रम र समाग्रीको अलग अलग विश्लेषण गरी अनुसूची वमोजिमको अनुपातमा ध्यान नदिएको र कतिपय आयोजनामा ७० प्रतिशत भन्दा वढी रकम कामदारको ज्याल खर्च लेखेको देखिन्छ ।श्रम र ज्यालाको अलग अलग विश्लेक्षण गरी लागत अनुमान सँग समावेश नभएकोले परियोजनाको सामाग्री प्रयोगको अनुपात विश्लेषणा गर्ने सकिएन ।तसर्थ अनुसूचीमा तोकिए वमोजिमको लागत सामाग्री अनुपातलाई ध्यान दिई लागत अनुमात तयार गर्नुपर्दछ ।<br><br>ग) **अनगुमन तथा मूल्याङ्कनाः** कार्यविधिको दफा १७ मा कार्यक्रमको अनुगमन तथा मुल्याँकन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विषयगत मन्त्रालय कर्णाली प्रदेश योजना आयोग जिल्ला समन्वय समिति सम्बन्धित स्थानीय तह र विषयगत कार्यालयले गर्ने सक्ने उल्लेख भएपनि भुक्तानी प्रयोजनको लागि पालिका स्तरीय अनुगमन समिति मात्र अनुगमन गरी भुक्तानी दिने गरेको देखिन्छ ।कार्याक्रमको प्रभावकारी कार्यान्वियन सुनिश्चितताको लागि तालुक निकाय र सरोकारवालाको संयुक्त अनुगमन गर्ने सयन्त्र तयार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.३ | | | **छोरी सुरक्षाः** कर्णाली प्रदेश सरकारले जारी गरेको वैँक खता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कर्यविधि २०७६ को दफा ३ मा २०७६ साल साउन १ वा सो भन्दा पछी जन्मेका छोरीहरु कार्यक्रममा आवद्ध हुने र दफा ५ मा तोकिएको कार्यविधि पुरा गरी प्रदेश सरकारले छोरी २० वर्षको नहुदा सम्म जन्मेको पहिलो महिनामा रु.१००० र त्यस पश्चालत मासिक रु ५०० का दरले छोरीको नाममा खोलिएको वैँक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ ।प्रदेश सरकारले कार्यक्रम कार्यान्वियन गर्न रकम उपलब्ध गराए वमोजिम २०७६ साउन देखि यस आर्थिक वर्षसम्म जन्म भएका ३०१ जना छोरीहरुको खातामा रु.१६७४०००।०० रकम जम्मा भई सकेको छ । कार्यविधिमा सामाजिक स्थिति अभिभावकको आर्थिक स्थिति तथा पारिवारिक शिक्षाको स्तर जस्ता विषयहरु समावेश गरको छैन । उक्त विषयलाई ध्यानमा राखी निर्देशिकामा पुनरावलोकन गर्दा स्रोतको वास्तविक उपयोग हुने देखिन्छ । | |
| २४ | | | **शिक्षा तर्फ** | |
| २४.१ | | | नमुना विद्यालय:– शिक्षा तथा मानव विकास केन्द्र सानोठीमि भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका ७८।७९ को बुदा ८.३ अनुसार नमुना विद्यालयहरुलाई अनुदानका लागी तोकिएबमिजमको रकम निकाशा पठाउदा हाल सम्मको प्रगति विवरण विद्यालयको गुरुयोजना बमोजिम यस आ.व. मा गरिने क्रियाकलापहरुको लागत अनुमान तयार गरी लागत अनुमानको आधार सम्झौता गरी ५० प्रतिशत र कार्य प्रगतिका आधारमा बाँकी दुई किस्तामा निकाशा दिने व्यवस्था रहेको छ।पालिकाले आर्थिक बर्ष २०७८।७९ मा नमुना विधालय क्रमागत भवन तथा ल्याब व्यवस्थापन अन्तरर्गत श्री महादेव मा.वि. फोइमहादेबको कम्पाउन्डवाल निमार्ण अन्तरर्गत रु.३९०००००।०० निकासा भएकोमा ५० प्रतिशत रकम निकाशा दिनु पर्नेमा शुरुमा रु.११७०००० पेश्की दिएकोमा मिति २०७९।०३।१९ मा वाँकी रकम विधालयको खातामा निकाशा दिइएकोछ । आर्थिक वर्षको अन्त्यमा मार्गदर्शनको व्यवस्था विपरीत विद्यालयलाई निकाशा दिईएकोले कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु.................... | ३,९००,००० |
| २४.२ | | | बढी निकासाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ मा कुनै रकमको भुक्तानी दिदाँ रीत पुगे वा नपुगेको जाँच गरी निकासा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले निम्न विद्यालयलाई भुक्तानी दिदाँ माग फारममा उल्लेखित रकम भन्दा रु ४०००००।०० बढी निकासा खर्च लेखेको छ । विद्यालयलाई बढी निकासा भएको रु ४००००००।०० सम्बन्धित विद्यालयबाट असुल गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु...........................<br><br>सि.नं. \| विद्यालयको नाम \| माग रकम \| निकासा रकम \| बढी रकम<br>१ \| श्री कालिका आ.वि. तामखेत \| ४८४३२१।०० \| ६८४३२१।०० \| २०००००।००<br>२ \| मस्टा आ.वि. परवाडा \| ४४५६८०।०० \| ६४५६८०।०० \| २०००००।००<br> \| \| \| जम्मा \| ४०००००।०० | ४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४.३ | ५६ | २०७९-४-२४ | **विधालय भवन निमार्णः** शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउदा कार्यक्रम कार्यान्वियन निर्देशिका २०७८ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयले २०७९।३।१७ मा राष्ट्रपति शंक्षिक सुधार अन्तरर्गतका दुइ। चार कोठे भबन निमार्ण कार्य चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेमा विधालयको खातामा निकासा दिई निमार्ण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखी कार्य प्रगतिका आधारमा रकम फुकुवा गर्नेगरी सम्पन्न हुन बाँकी काम यथाशिघ्र सम्पन्न गर्ने गराउन परिपत्र गरेको छ । सोही बमोजिम पालिकाले देहायका दुई विद्यालयहरुलाई भवन निमार्ण कार्यक्रमको रु.५१८४०००।०० निकासा दिएकोमा विद्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को प्रकृया पुरा गरी निमार्ण सम्बन्धी कार्य सम्झौताको शर्त अनुसार सम्पन्न गरी कार्य सम्पन्नको प्रमाण पेश हुनपर्ने रु. | ५,१८४,००० |
| २४.४ | १९३ | २०७९-३-२५ | सामुदायिक विद्यालय छात्रहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि तपसिलका फर्महरु रु. २०६०१६०।६० को स्यानेटरी प्याड खरिद गरेको देखिनदेखिन्छ । इमिस तथ्याँक २०७८ अनुसार पालिकामा ग्रेड ६ देखि १२ सम्म १६७१ छात्रा रहेको देखिन्छ भने प्रयोगकर्ता सख्याँको आधारमा विश्लेषण गरी खरिद गर्नुपर्नेमा बजेटको आधारमा ३०३०० खरिद गरेकोले उपयोग नहुँदै म्याद समाप्त हुने जोखिम देखिएको छ । साथै खरिद गरेको समान स्टोर दाखिला गरेको दाखिल रिपोर्ट संलग्न गरेपनि उक्त सेनेटरी प्याड वितरण गरेको भरपाई देखिएन । यसरी लक्षित वर्गको लागि खरिद गरेको समान निश्चित समय भित्र वितरण नहुँदा समानको म्याद गुज्रने तथा छात्राहरु सेवाबाट वन्चित हुने देखिएकोले खरिद समाग्री यथाशिघ्र वितरण गरी सो प्रमाण पेश गर्नुपर्ने रु.... | २,०६०,१६०.६३ |

| क्र.स. | फर्मको नाम | सख्या | रकम |
|---|---|---|---|
| १ | एच एम सप्लायर्स विराटनगर | ११५५० | ७८५३०८।७५ |
| २ | जस्मिन हाईजिन प्रोडक्ट प्रालि विराटनगर | १८७५० | १२७४८५१।८८ |
| | जम्मा | ३०३०० | २०६०१६०।६३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.५</td><td>११५</td><td>२०७९-३-२३</td><td>कार्य सम्पन्नः मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरर्गत महादेव माध्यमिक विधालयको भवन निमाण भएकोमा अपुरो निमार्ण कार्य भएको देखिन्छ ।विधालय भवन निमार्ण वापत्त लगत अनुमान रु-१४७०५५१।३५ रहेकोमा कार्य सम्पन्न भएको भनी रु-१४४३६९४।९८ नापी गरी भुत्तानी भएको देखिन्छ ।भौचर साथ संलग्न वील भरपाई परीक्षण गर्दा संलग्न फोटोमा प्लाष्टर झ्याल ढोका तथा रङ रोगनको कार्य वाँकी देखिएकोले तपसिल वमोजिमका वाँकी काम सम्पन्न भएको पुष्टीहुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु..........
<table>
<tr><th>बिओक्यु आईटम न+</th><th>वाँकी काम</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>८</td><td>झ्याल ढोका</td><td>४।७७</td><td>२०८६९।१६</td></tr>
<tr><td>११</td><td>प्लाष्टर</td><td>१०२।०८</td><td>४५७८७।७५</td></tr>
<tr><td>१२</td><td>फ्लोरिङ कार्य</td><td>४।०८</td><td>२०१७४।९६</td></tr>
<tr><td>१४</td><td>३एमएम सिमेन्ट पनिङ</td><td>२७।२०</td><td>८३९५।११</td></tr>
<tr><td>१५</td><td>वाइटनिङ</td><td>१०२।०८</td><td>४१३०।४८</td></tr>
<tr><td>१६</td><td>इनामेल पेन्ट</td><td>४।९८</td><td>२८४९।०५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०२२०६।५१</td></tr>
</table></td><td>१०२,२०६.५१</td></tr>
<tr><td>२४.६</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी मात्र शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.५१ लाख ११ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>२४.७</td><td>१८१</td><td>२०७९-३-२३</td><td>कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरण कार्यक्रमको लागि शैक्षिक कार्यक्रम अन्तरर्गत अस्मिता पेपर प्रिन्ट एण्ड सप्लार्यस सँग स्वअध्ययन सिकाई क्रियाकलाप पुस्तकहरुको प्रिन्ट तयार गरेको भनी २००० थान पुस्तकको मुल्य अभिवृद्धिकर समेत रु.५०००२५ भुक्तानी दिएको देखिन्छ । भौचर साथ उक्त पुस्तकहरुको वितरण भरपाई नभएकोले पुस्तकहरु विरतण भए नभएको यकिन गर्न नसकिएको रु.............</td><td>५००,०२५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **कर समायोजन**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग बमोजिम सरकारी निकाय वा संघ संस्थाले करार गरि खरिद गरेको वस्तु वा सेवाको बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि करको ३० प्रतिशत(२०७८।२।१५ बाट कट्टा गरी सम्बन्धित आपूर्तिकर्ताको नामबाट सम्बन्धित मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न व्यवसायिक फर्महरुलाई दिएको भुक्तानीमा कट्टा नगरी भुक्तानी फर्मलाई भुक्तानी दिएको मु अ कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | १५७,१७५ |

| गो.भौ. मिति | फर्म | स्था. ले. न. | मू.अ.कर भुक्तानी | ३० प्रतिशत मू.अ.कर |
|---|---|---|---|---|
| १०१-२०७८।१०।२७ | ए टु जेट पार्टस एण्ड सर्भिस सेन्टर | ६०९४८०२५२ | ६७१४२ | २०१४२ |
| १२०-२०७८।११।१७ | जुनु इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | ६१३२७५९९६ | ५६९४० | १७०८२ |
| १२०-२०७८।११।१७ | रोकाया टेड्रस | ६०८८५९५७४ | ५६८७५ | १७०६२ |
| १४४-२०७८।१२।१३ | जुनु इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | ६१३२७५९९६ | ५६७३९ | १७०२१ |
| १२०-२०७८।११।१७ | ढुङ्गाना टेड्रस एण्ड अर्डर सप्लायर्स | ६१२८५८२३५ | ५६४४६ | १६९३३ |
| २८०-२०७९।३।१६ | राजु फर्निचर सप्लायर्स | ३०५५८२९१९ | २४३८५ | ७३१५ |
| २८१-२०७९।३।१६ | राजु फर्निचर सप्लायर्स | ३०५५८२९१९ | ६२७९९ | १८८३९ |
| २८३-२०७९।३।१६ | ज्वाला कम्प्यूटर सप्लायर्स | ३०२६९३५९१ | ३४६१६ | १०३८३ |
| ९९-२०७८।१०।२७ | ए टु जेट पार्टस एण्ड सर्भिस सेन्टर | ६०९४८०२५२ | ५१२५९ | १५३७७ |
| १४४-२०७८।१२।१३ | जुनु इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | ६१३२७५९९६ | ५६७३९ | १७०२१ |
| | जम्मा | | | १५७१७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **वार्षिक खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४ करोड ९८ लाख १७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २७ | | | **नागरिक आवास र एकिकृत बस्ति विकास** | |
| २७.१ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| २७.२ | | | **नागरिक आवाशः** ३।०७८।१०।२७ सुरक्षित नागरिक आवाश अन्तरर्गत जस्तापाता खरिद गरी वितरण गर्ने भनी गणेश सप्लायस सँग ठेक्कामार्फत जस्ता रु.१७९७५४७ मा खरिद सम्झौता गरी रु.४४५०००।०० पेश्की दिएको देखिन्छ । मिति २०७८।११।३० मा कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा म्यादभित्र कार्य सम्पन्न नभएको र आर्थिक वर्षको पछी मात्र जस्ता प्राप्त भएकोले वाँकी कार्य सम्पन्न नहुँदै बजेट फिज्र भएको छ भने ठेक्काको कार्य सम्पादन जमानतको म्याद समेत २०७९।०४।३० सम्म मात्र रहेक छ। समयमै खरिद कार्य सम्पन्न गरी वितरण नहुँदा सुरक्षित नागरिक आवाश कार्यक्रमका लक्षित वर्ग सेवा बाट बञ्चित भएका छन् । समयमै खरिद गरी समान आपुर्ति नगर्ने आपुर्ति कर्तालाई जिम्मेवार बनाई सार्वजनिक खरिद ऐन वमोजिको कारवाही प्रक्रिया अगाडी बढाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.३ | | | **एकीकृत वस्ती विकासः** संघिय सरकार बाट एकिकृत वस्ती विकास कार्यक्रम अन्तरर्गत यस नगरपालिकाको तिला गुफा नगरपालिका १ बजेडी चौर र वडा नं ९ टाम्का चौरमा एकिकृत वस्ती विकास कार्यक्रम अन्तरर्गत रु.२५००००००।०० यस वर्ष निकास भएकोमा डिपिआर कार्यमा रु.१५४२७२२७ र सडक निमार्णमा रु.८८७५५१८ समेत २४३०२७४५।०० खर्च भएको छ ।<br>एकिकृत वस्ती विकासको लागि दुई वटा ठाउँ छनोट भएकोमा ठेक्का प्रक्रिया मार्फत दुई वटा प्याकेजमा एकिकृत वस्ती निमार्णको लागि समग्र डिपिआर तयार गर्नुपर्नेमा पालिकाले अलग अलग विषयमा सिलवन्दी कोटेशनमा तपसिल वमोजिम ८ वटा प्याकेजमा डिपिआर गरेको छ ।दुईवटा नमुना वस्ती विकासको लागि दुई प्याकेजमा ठेक्का प्रक्रियाबाट डिपिआर गरी एकिकृत वस्तीको लागि आवश्यक पर्ने सम्पुर्ण पूर्वाधारको गुरुयोजना बनाउनुपर्नेमा वस्ती भित्रका अलग अलग विषयमा डिपिआर गर्दा पूर्वाधार विकासमा समन्वय नहुने तथा लागत वढने अवस्था देखिन्छ । दुई क्षेत्रको नमुना वस्ती भित्रका संरचनाको लागि अलग अलग भएको डिपिआरलाई एकिकृत बनाई गुरुयोजना वमोजिम कार्यप्रारम्भ गर्नुपर्दछ । | |

| क्रस | फर्मको नाम | डिपिआरु कार्य विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | श्री दुधकुण्ड कन्ट्रक्सन एण्ड इजिनियरिङ सर्भिस प्रालि | वजेडी चौर मालिका मन्दिर निमार्ण | १९९०४९५ |
| २ | श्री पञ्चदेवल कन्ट्रक्सन प्रा=लि= | नमुना वस्ती हेल्थपोष्ट | १९९१६२५ |
| ३ | श्री फेडरल इन्जिनियरिङ सोलुसन्स प्रालि | नमुना वस्ती कोशेली घर | १९९०४९५ |
| ४ | श्री ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन्स प्रालि | नमुना वस्ती प्राथामिक स्कुल | १९९१६२५ |
| ५ | श्री फेडरल इन्जिनियरिङ सोलुसन्स प्रालि | वजेडी चौर नमुना वस्ती रगंशाला | १९९०२६९ |
| ६ | श्री ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन्स प्रालि | ट्याम्के एकीकृत नमुना वस्ती विकास | १९९०२६९ |
| ७ | श्री फेडरल इन्जिनियरिङ सोलुसन्स प्रालि | बजेडी चौर एकीकृत नमुना वस्ती विकास | १९९२९८१ |
| ८ | श्री ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन्स प्रालि | मालिका पार्क तथा मालिका ताल | १९९०४९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.४ | | | गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.५ | | | सुधारिएका चुलोः नगरपालिका भित्रका छनोट गरिएका १४५० घर परिवारलाई सुधारिएको चुलो वितरण गर्ने भनी मिति २०७९।०३।१० बैकल्पिक उर्जा केन्द्र सँग यस नगरपालिकाको मा सम्झौता भएको छ ।सम्झौता वमोजिम नगरपालिकाको लागत सहभागिता २० प्रतिशत रकम रु.२४२३३४१.५० हुने उल्लेख छ ।सो वमोजिम १२ लाख वैकल्पिक उर्जा केन्द्रको खातामा जम्मा गरेको छ । सम्झौता वमोजिम अषाढ मसान्त सम्ममा कार्य सम्पन्न गर्ने उल्लेख गरिए पनि उक्त अवधि सम्म कति घर परिवारमा चुलो जडान भयो सो को कार्य विवरण पेश भएको छैन। उर्जा केन्द्र सँग समन्वय गरी समयमै कार्य सम्पन्न गराउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| २८ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा तीन ओटा आपूर्ति आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्रमा वा प्रस्ताव माग गरि खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित प्रक्रिया पुरा नगरि निम्न फर्मबाट सोझै खरिद गरेको छ । नियमको परिपालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| गो भौ र मिति | सामाग्री | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| ११८।०७८।११।१५ | कार्यालय सामाग्री | पुष्पा जनरल एण्ड अर्डर सप्लायर्स | ३१२०४९ |
| १७१।२०७९।१।१४ | सिलाई कटाई मेशिन | प्रमोद सिलाई मेशिन इम्पोरियम | ४०६८०० |
| १९५।२०७९।१।२१ | सिलाई कटाई मेशिन | प्रमोद सिलाई मेशिन इम्पोरियम | ३३९००० |
| २८२।२०७९।३।१६ | सिलाई कटाई मेशिन | प्रमोद सिलाई मेशिन इम्पोरियम | १३५६०० |
| ३१।२०७९।३।२३ | कार्यालय सामाग्री | सत्यदेवी स्क्रिन प्रिन्टर्स | ४९२००२ |
| २८१।२०७९।३।१६ | डस्टिबन लगायतको समाग्री | न्यू राजु फर्निचर सप्लायर्स | ४८३०७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **उपभोक्ता समिति** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.२ | | | **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले निमार्ण व्यवसायी मार्फत काम गराई डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावली व्यवस्था विपरित उपभोक्ता समितिले लिएको काम निमार्ण ब्यवसायीबाट गराएको नियम सम्मत नदेखिएको रु | १३,९८९,१२७ |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | निमार्ण व्यवसायी | भुक्तानी रकम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| २८।०७९।३।२३ | खेल पूर्वाधार निमार्ण उ.स. | गणेश निमार्ण सेवा | २८५९७५३ | २८५९७५३ |
| २३।०७९।०३।२४ | वजेडी चौर एकीकृत वस्ती विकास | एम डि कन्सन्ट्रक्सन | ४३३२७१० | ४३३२७१० |
| २३।०७९।०३।२४ | भैसेगौडा देखि ट्याम्क सडक उ.स. | एम डि कन्सन्ट्रक्सन | ४५४२८२२ | ४५४२८२२ |
| ११६।२०७९।३।२१ | घोरलोटे खोला देखि टोलसम्म ग्रामिण सडक उ.स. | भिउस निमार्ण सेवा | १००२३४५ | १००२३४५ |
| १३७।२०७९।३।१५ | सिँयाल चौर चाखाचौर हुदैँ चुली पुग पर्यटन सडक निर्माण उ.स. | मन्जु एण्ड रन्जु निमार्ण सेवा | १०३३०६३ | १०३३०६३ |
| १४०।२०७९।३।२५ | मुदुसे देखि हुस्के सडक निर्माण उ .स. | डोजरको वील संलग्न | २१८४३४ | २१८४३४ |
| | **जम्मा** | | | १३९८९१२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.३ | | | **जटिल संरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिहरुलाई भारी मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने उल्लेख छ । कार्यालयले आर.सि.सी. भवन, खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट प्रतिस्पर्धात्मक विधि मार्फत गराउनु पर्नेमा नियमावली विपरित पूँजि, जनशक्ती, उपकरण र व्यवस्थापकिय सीप नभएका समितिबाट काम गराउनु उपयुक्त देखिएन ।यस सम्बन्धमा पालिकाको ध्यान जानु पर्दछ । | |

| भौ.न. । मिति | आयोजनाको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| ४६।०७९।०३।२४ | राइने खोला खानेपानी उ.स. तिलागुफा १ | आरसीसी, पीसिसी | १९२०००० |
| ४५।०७९।०३।२४ | जनता आवि भवन निमार्ण उ.स. तिलागुफा ११ | आरसीसी, पीसिसी | १९२०००० |
| ४४।०७९।०३।२४ | हरिचौर ठाँटीपाटा खानेपानी तिलागुफा ६ | आरसीसी, पीसिसी | १४२९४९० |
| ४३।०७९।०३।२४ | मैबी साउना चाखुढुङा देखि कासुबाडा खानेपानि | आरसीसी, पीसिसी | ११८७३०५ |
| ४८।०७९।०३।२५ | लोटापाटा बैढुङा देखि कटिया पीसिसि बाटो निमार्ण | पीसिसी | ११८७३०५ |
| ३८।०७९।०३।२२ | कुला घट्ट देखि दैसेरी सिचार्इ कुलो निमाण उ.स. | पिसिसि आरसीसी | १८६५२८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.४ | | | **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले त्रैमासिक रुपमा वैङ्कमा निकासा गरेको रकम मध्ये वितरण नभई वाँकी रहेकोमा सोही वखत फिर्ता गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने गरेको देखिन्छ।त्रैमासिक रुपमा खर्च लेखी वितरण गर्ने गरेकोमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायले वैंकबाट फिर्ता गरी संञ्चित कोषमा दाखिला गर्ने व्यवस्था प्रभावकरी रुपमा कार्यान्वयन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>अनुगमन<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उक्त कार्य गरेको देखिएन । अत: कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<table><tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr><tr><td>३५६१६८८५४.१७</td><td>१५७५०८४.३६</td><td>०.४४</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०=४४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | | | **राजश्व अभिलेख :** राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन त्यसैगरी अघिल्लो आ.व.को छपाई गरी बाँकी रहेको रसिद ठेली के कति छन एकिन गर्न सकिएन । गत वर्ष सम्म पालिकाले सवै वडाहरुबाट स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने नगरेकोले वितरण भएका ठेलीहरु मध्ये वाँकी ठेलीहरु अषाढ मसान्तमा अध्यावधिक रुपमा दाखिला गरी अर्को आर्थिक वर्षमा अल्या गरेर मात्र वितरण गर्न तर्फ कार्यालयको ध्यान जानुपर्दछ । आर्थिक वर्ष २०७९।८० को सुरुवातसँगै राजश्व असुललाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने पक्रियाको थालनी भएको कार्यालयले जनाएको छ । | |
| ३२.३ | | | **राजश्व वाँडफाँड-** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु. | ७५,९२४ |
| ३३ | | | **कर तथा शुल्क असुली** | |

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १८९८१० | ४० | ०।०० | ७५९२४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
<table>
<tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>असुली प्रतिशत</td></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>३०००००</td><td>३०३७८५.६</td><td>१०५.०६</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०००००</td><td>९१३१५</td><td>९१.३२</td></tr>
<tr><td>परिक्षा शुल्क</td><td>५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>२०००००</td><td>८२७८</td><td>४.१३</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>२५०००</td><td>९९६५०</td><td>३९.८६</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>१०००००</td><td>१००५००</td><td>१००.५</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>३००००</td><td>३६००</td><td>१२</td></tr>
<tr><td>व्यवसाय रजिष्ट्रेसन दस्तुर</td><td>२०००००</td><td>११२६४०</td><td>५६.३२</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>१२७००००</td><td>८५५३१६</td><td>६७.३५</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>बडा कार्यालयको राजश्व दाखिला- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा भोलीपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । उपदफा २ मा तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० दिन सम्म दिला गरेको भए दाखिला गर्न वाँकी रकम र १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए जरिवानाको साथै कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तरगतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन । वडा कार्यालयबाट भएको आम्दानी रकम सवैजसो वडा कार्यालयका जिम्मेवार कर्मचारीहरुले वर्षान्तमा एकै पटक सम्बन्धित खातामा बैंक जम्मा गर्ने गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले</td><td>८६,००३.३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ध्यान दिएको देखिएन ।साथै लेखापरीक्षणमा कार्यालयले उपलब्ध गराएको वडा कार्यालयहरुले राजश्व आम्दानी तथा दाखिला गरेको विवरण अनुसार २०७७ साउन देखि असार महिनासम्मको राजस्व देहाय अनुसार ढिला गरि दाखिला गरेको देखियो ।मासिक रुपमा उठेको राजस्वको वडागत विवरण प्राप्त नभएकोले तिर्नुपर्ने जरिवाना यकिन हुन सकेन । तसर्थ तोकिएको समय भन्दा ढिलो दाखिला भएमा १० प्रतिशत जरिवाना गर्ने ऐनको व्यवस्था वमोजिम पालिका स्वयले यकिन गरी जरिवाना असुल गर्नुपर्ने देखिएको रु. | |

| वडा न. | जिम्मेवार ब्यक्ती | आम्दानी महिना | दाखिला रु | दाखिला मिति |
|---|---|---|---|---|
| राजश्व शाखा | कृष्ण बहादुर शाही | श्रावण देखि असार | ५५२०८ | २०७९।३।२९ |
| एम्बुलेन्स | हर्ष बहादुर शाही | श्रावण देखि असार | १०८००० | २०७९।३।१६ |
| | | श्रावण देखि असार | २०००० | २०७९।३।१३ |
| वडा १ | राजेन्द्र बहादुर खत्री | श्रावण देखि असार | ५५५५४ | २०७९।३।२९ |
| वडा २ | गोकुल थापा | श्रावण देखि असार | ११६४० | २०७९।३।२० |
| वडा ३ | कपिलराज संज्याल | श्रावण देखि पौष | ६३०० | २०७८।९।७ |
| | भिमराज पाण्डे | पौष देखि वैशाख | २०००० | २०७९।३।१४ |
| | शिवराज शाही | वैशाख देखि असार | १४५८४ | २०७९।३।२८ |
| वडा ४ | रविराज शर्मा | श्रावण देखि असार | १११९१२ | २०७९।३।२० |
| वडा ५ | संगिता रावत | श्रावण देखि फाल्गुन | २३९९५ | २०७८।११।१८ |
| | बलभद्र विश्वकर्मा | चैत्र देखि असार | १४९१२ | २०७९।३।२३ |
| वडा ६ | मिना कुमारी शाही | श्रावण देखि असार | ६६५९८ | २०७९।३।२९ |
| वडा ७ | शारदा कुमारी शाही | श्रावण देखि असार | ११६८३० | २०७९।३।२९ |
| वडा ८ | दिलिप प्रसाद न्यौपाने | श्रावण देखि असार | ११३७९५ | २०७९।३।१० |
| वडा ९ | रतन सिहं नेपाली | श्रावण देखि असार | ९५०५० | २०७९।३।२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा १० | जानकी महत | श्रावण देखि चैत्र | २१९५५ | २०७८।१२।३० | |
| | | | | वडा ११ | अमृत कुमार मझी | श्रावण देखि असार | ३७०० | २०७९।३।२३ | |
| | | | | | | जम्मा | ८६००३३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२(३) कार्यालयले प्रचलित कानून वमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको म.ले.प.फा.न. २७२ को अनुसूची २३ वमोजिम वर्षान्तमा देहाय वमोजिम पेश्की वाँकी रहेकोमा म्याद नाघेको पेश्की फछर्योट हुनुपर्ने रु.... | ५४५,४०० |

| शीर्षक | म्याााद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| कर्मचारी | | १४४०० | १४४०० |
| ठेकदार | ४५४६००० | ४४५००० | ४९९१००० |
| संस्थागत | १८८२००० | ० | १८८२००० |
| उपभोक्ता समिति | ५५४१४ | ८६००० | १४१४१४ |
| जम्मा | ६४८३४१४ | ५४५४०० | ७०२८८१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ६४९१८ | ०।०० | ६४९१८ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६४९१८ | ० | ३४३५२ | ० | ९९२७० |